# लेकवेशी नगरपा लका

# नगर कार्यपा लकाको कार्यालय

कल्याण, सुर्खेत

कर्णाली प्रदेश नेपाल

(योजना तथा अनुगमन शाखा)

**नगरपालिकाबाट संचालन गरिने योजना :-**

**कार्यक्रम संचालन सम्बन्धमा उपभोक्ता समिति गठन गर्दा अपनाउनु पर्ने प्रकृयाहरु**

- योजनाको क्षेत्र वरपर स्थायी रुपमा बसोबास गर्ने उपभोक्ताहरुको आम भेला गराई उपभोक्ता समिति गठन गर्ने(समितिमा ७ देखि ११ जना सम्म)
- उक्त आमभेला बाट ३ सदस्यीय अनुगमन समिति गठन गराउने ।
- यदि टोल विकास संस्था मार्फत कार्य गर्ने हो भने आम भेलाबाट टोल विकास संस्थालाई सो कार्य गर्ने अधिकार दिने निर्णय ।
- यदि पुरानो उपभोक्ता समिति यथावत रहने हो भने आम भेलाबाट सोहि समितिलाई अधिकार दिने निर्णय गर्ने ।
- उपभोक्ता समितिमा महिलाको उपस्थिति कम्तिमा ३३ प्रतिशत हुनुपर्ने ।
- योजना सम्झौताका लागि वडाले सिफारिस गर्दा योजनामा कामको विवरण खुलेको अवस्थामा सम्पूर्ण विवरण खुलाई तथा योजनामा कामको विवरण नखुलेको अवस्थामा प्रस्तावित योजनाको कामकव प्रकृति र काम गर्ने खण्ड समेत खुलाई र वडाबाट/नपाबाट बजेटको शीर्षक खुलाई सिफारिस गर्ने ।
- उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला अनिवार्य राख्नु पर्ने ।
- उपभोक्ता समिति गठन गर्दा कार्यालय तर्फको कर्मचारीको र वडा समितिले तोकेको प्रतिनिधिको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

- उपभोक्ता समितिको बैठकबाट सम्झौता गर्ने पद र व्यक्तिलाई अधिकार दिएको निर्णय सहित आउनु पर्नेछ ।
- एकापरिवारको एक व्यक्ति एक पद भन्दा बढी उपभोक्ता समितिमा बस्न पाईने छैन ।
- जनप्रतिनिधि र बहालवाला कर्मचारी उपभोक्ता समिति का पदाधिकारी बस्न पाईनेछैन ।
- आयोजनाको कुल लागत रु.३ लाख भन्दा बढी भएका आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ ।

## योजनाको सम्झौता गर्न आउँदा पेश गर्नुपर्ने प्रमाण/कागजातहरु

- उपभोक्ताख समिति गठन गर्ने आमभेलाको निर्णयको प्रतिलिपि ।
- उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
- उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिव पासपोर्ट साईजको एक प्रति फोटो ।
- आयोजनाको लागत अनुमान विवरण ।
- उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय ।
- आयोजनाको कार्यान्वयनको कार्य तालिका ।

- खाता संचालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता संचालनको लागि आवश्यक कागजातहरु ।

## योजनाको भुक्तानी लिन आउँदा पेश गर्नुपर्ने प्रमाण/कागजातहरु

- आमभेला गराई सरोकारवाला योजनाबाट लाभान्वित उपभोक्ताहरुको बैठकबाट कार्य सम्पन्न भएको निर्णय र निवेदन ।
- सम्बन्धित वडाको सिफारिस तथा अनुगमन मूल्याङ्कन समितिको प्रतिवेदन ।
- ल.ई. अनुसारको बील भरपाई र खर्च अनुमोदन गरी प्राविधिक कार्यसम्पन्न प्रतिवेदन, उपभोक्ता सम्बन्धि बील, सार्वजनिक परीक्षण फाराम, खर्च सार्वजनिक सुचना फाराम र उपभोक्ता समितिको भौतिक तथा वित्तिय प्रतिवेदन फाराम भरी पेश गर्ने ।
- योजना संचालन अगाडी, संचालनका क्रमको र सम्पन्नको अवस्था झल्कने फोटाहरु अनिवार्य पेश गर्नुपर्ने ।
- अनुगमन समितिको प्रतिवेदन
- मूल्य अभिवृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु.२०००० ।- भन्दा बढि मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनिबाट खरिद गर्नु पर्नेछ । साथै उक्त बीलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५% अग्रिम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु.२००००।- भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्बर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ ।अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

- यसमा उल्लिखित नभएका अन्य सान्दर्भिक कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।